दुर्गा भगवती गाउँपालिका

# स्थानीय राजपत्र

दुर्गा भगवती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २, संख्या : १, मिति : २०८२/०५/२९

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

**२०८२ सालको ऐन नं. १**

# दुर्गा भगवती गाउँपालिकाको विनियोजन ऐन, २०८२

**(दुर्गा भगवती गाउँपालिकाको आर्थिक बर्ष** २०८२/०८३ **को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)**

प्रमाणीकरण मिति : २०८२।०५।२९

**प्रस्तावना:** दुर्गा भगवती गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) तथा धारा २२६ ले दिएको अधिकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुर्गा भगवती गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ: (१)** यस ऐनको नाम **"दुर्गा भगवती गाउँपालिकाको विनियोजन ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:**

(क) "गाउँ सभा" भन्नाले दुर्गा भगवती गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले दुर्गा भगवती गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले दुर्गा भगवती गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा" भन्नाले दुर्गा भगवती गाउँपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले दुर्गा भगवती गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष** २०८२/०८३ **को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त दुर्गा भगवती गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ४३,६१,२६,०१७.८८/- (त्रिचालिस करोड एकसठ्ठी लाख छब्बिस हजार सत्र रुपैंयाँ अठासी पैसा मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०८२/०८३ को लागि दुर्गा भगवती गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी पूँजिगत शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

# अनुसूचि-१

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

(दफा ३ सँग सम्बन्धित)

| क.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|
| | १ | २ | ३ | ४ |
| १ | गाउँ कार्यपालिका | १०,१०,९५,९८९.८८ | १०,१२,३०,०२८.०० | २०,२३,२६,०१७.८८ |
| २ | वडा समिति | १५,००,०००.०० | १,३५,००,०००.०० | १,५०,००,०००.०० |
| ३ | बिषयगत शाखा, संघीय तथा प्रदेश सरकारबाट शसर्त, समपूरक, विशेष अनुदान | १६,०९,००,०००.०० | ५,७९,००,०००.०० | २१,८८,००,०००.०० |
| **जम्मा** | | | | **रु. ४३,६१,२६,०१७.८८/-** |

आज्ञाले,
नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत